- नगदमा हुने कारोबारको मात्र सीमा कारोबार सम्बन्धी विवरण पेश गर्नुपर्ने हुन्छ ।
- बैंक, विद्युतिय माध्यम र अन्य लिखित माध्यमबाट हुने कारोबारको विवरण पेश गर्नुपर्दैन ।

एफसिए राजकुमार फुयाल

संस्थाले सहकारी ऐन, २०७४ बमोजिम संस्थासँग कारोबार गर्न पाउने सरकारी कार्यालय, विशेष ऐन अन्तर्गत स्थापित निकायसँगको कारोबार र संस्थाले आफ्नो कर्मचारीलाई प्रचलित कानून बमोजिम ऋण सापटी वा सुविधा प्रदान गरेको करोबारको विवरण वित्तीय जानकारी इकाईमा पठाउँन आवश्यक हुनेछैन ।



## शङ्कास्पद कारोबार सम्बन्धी प्रतिवेदन :

- सम्पत्ति शुद्धीकरण सम्बन्धी कसूरसँग सम्बन्धित भएको शङ्का लागेमा वा शङ्का गर्नुपर्ने मनासिब आधार भएमा, वा
- आतङ्ककारी कार्य, व्यक्ति वा संगठन वा आतङ्कवादी कृयाकलापमा वित्तीय लगानीसँग सम्बन्धित वा जोडिएको वा त्यस्तो व्यक्ति वा संगठनबाट प्रयोग हुन सक्ने शङ्का लागेमा वा शङ्का गर्नुपर्ने मनासिब आधार भएमा ।
- **३ दिनभित्र** यथासक्य चाँडो वित्तीय जानकारी इकाईलाई शंकास्पद कारोबार सम्बन्धी प्रतिवेदन दिनुपर्ने ।



एफसिए राजकुमार फुयाल

## शङ्कास्पद गतिविधि सम्बन्धमा :

कुनै सदस्यले शंकास्पद कारोबार गर्ने प्रयास मात्र गरेमा समेत प्रतिवेदन दिनु पर्नेछ।






एफसिए राजकुमार फुयाल

## के नगद कारोबारको मात्र शङ्कास्पद विवरण पेश गर्ने हो ?

शङ्कास्पद भएमा नगद कारोबार र अन्य कारोबार सबैको विवरण पेश गर्नुपर्ने हुन्छ।

शङ्कास्पद कारोबारको विवरण पेश गर्न कुनै रकम सिमा तोकिएको छैन।







एफसिए राजकुमार फुयाल

**शंकास्पद कारोबारको वर्गिकरण**

- STR-PEP
- STR-TBML
- STR-PF
- STR-HIGH
- STR-MEDIUM
- STR-LOW



## शङ्कास्पद कारोबारको सूचकहरु :

- साधारण सूचक
- सदस्यलाई भएको जानकारीबाट प्राप्त सूचना
- पहिचान पत्रबाट प्राप्त सूचना
- कारोबारबाट प्राप्त सूचना
- खाता र खातामा हुने गतिविधीबाट प्राप्त सूचना
- अन्य अवस्थाहरु



## साधारण सूचक :

१ सदस्यले सम्पत्तिको स्रोत खोल्न नसक्नु ।

२ अप्रत्यक्ष रुपमा सदस्य आफैले कुनै अपराधिक कार्यमा संलग्नता भएको जानकारी दिएमा ।

३ रकम जम्मा गर्दा शङ्कास्पद तरिकाले प्रश्न गर्नु ।

४ सदस्यलाई आफ्नो खातामा भएको रकमको बारेमा केही थाहा नभएमा ।

५ खातावालालाई आफैले उल्लेख गरेको पेशाबारे सामान्य जानकारी समेत नहुनु ।

एफसिए राजकुमार फुयाल

## साधारण सूचक :

६ सदस्यले संस्थाको कर्मचारीहरुसँग नजिक हुन खोजेमा ।

७ सदस्यले घुस वा अन्य कुनै लाभ दिन खोजेमा ।

८ सदस्यले संस्थाको आन्तरीक कार्यविधी, हिसाब किताब र शंकास्पद कारोबार सम्बन्धी प्रतिवेदनको विषयमा धेरै खोजीनीति गरेमा ।

एफसिए राजकुमार फुयाल

## सदस्यलाई भएको जानकारीबाट प्राप्त सूचना :

१ सदस्यले कर्मचारीहरुलाई संस्थागत प्रकिया पछि पुरा गर्दा हुन्छ भनेर छिटो कारोबार सक्न खोजेमा ।

२ सदस्यले सम्पत्ति शुद्धिकरणको विषयमा धेरै कुरा गरेर बसेमा ।

३ सदस्यलाई शंकास्पद कारोबार सम्बन्धीको प्रतिवेदन पेस गर्ने विषयमा धेरै जानकारी भएमा ।

४ सदस्यले आफ्नो पैसा/कारोबार वैध छ भनेर पटक पटक भनि रहेमा ।

एफसिए राजकुमार फुयाल

## पहिचानपत्रबाट प्राप्त सूचना :

१ सदस्य दिएको सूचना र पहिचान पत्रहरु शंकास्पद भएमा ।

२ सक्कल माग गर्दा सो कागजपत्र प्रदान गर्न हिचकिचाउनु ।

३ आफ्नो नभएर अरुको पहिचान पत्रबाट कारोबार गरेमा ।




एफसिए राजकुमार फुयाल

## पहिचानपत्रबाट प्राप्त सूचना :

४ सदस्यको सबै पहिचान पत्रहरु हालसालै मात्र प्राप्त गरेको देखिन आएमा ।

५ सदस्यको पहिचान कुनै फरार अपराधीसँग मेल खाएमा ।

६ सदस्यले पेश गरेको पहिचान पत्रहरु कुनै पनि प्रमाणित नभएमा ।

७ कागजपत्रमा अस्वभाविक केरमेट हुनु ।






## कारोबारबाट प्राप्त सूचना :

१ सदस्यले बारम्बार नगदमा ठूलो कारोबार गरेमा ।

२ सदस्यले बारम्बार सानो डिनोको नगदसँग ठूलो डिनाको नगद सटही गरेमा।

३ सदस्यले ठूलो मात्रामा फोहोर र दुर्गन्धित नगद बचत गरेमा ।

४ स-सानो रकम निक्षेप हुने र एकै पटक ठूलो रकम निक्षेप फिर्ता हुने ।

५ आतङ्कवादी गतिविधि उच्च रहेको क्षेत्र तथा मुलुकबाट बारम्बार अस्वाभाविक रुपमा Wire Transfer हुनु ।

६ एउटै खातामा सीमा भन्दा कम रकम पटक-पटक जम्मा गर्नु ।

## खाता र खातामा हुने गतिविधीबाट प्राप्त सूचना :

१ सदस्यको खातामा भएको कारोबार र सदस्यको पेशा/व्यवसायको कुनै मेल नभएमा ।

२ गैर नाफामुलक संस्थाको खातामा भएको कारोबार र संस्थाको व्यवसायको कुनै मेल नभएमा ।

३ सदस्यको कारोबार प्रत्येक पटक फरक फरक किसिमको भएमा ।

४ आवश्यकता बिना एकै पटक धेरै खाताहरु सञ्चालन गरेमा ।

५ खातामा रेमिटबाट शंकास्पद भुक्तानीहरु बारम्बार भएमा ।



## खाता र खातामा हुने गतिविधीबाट प्राप्त सूचना :

६ सदस्यको खातामा भएको कारोबारमा अन्य व्यक्तिको संलग्नता भएमा ।

७ Funnel Account को प्रयोग ।

एउटा भौगोलिक क्षेत्रमा रहेको खातामा धेरै पटक नगद जम्मा हुने, सो रकम प्रायः गरेर नगद कारोबारको सीमाभित्र रही जम्मा गरिने र सो रकम भिन्नै भौगोलिक क्षेत्रबाट तुरुन्त निकालिने ।



## खाता र खातामा हुने गतिविधीबाट प्राप्त सूचना :

८ निस्कृय खातामा अचानक धेरै रकम प्राप्त भएमा ।

९ गृहिणी, विद्यार्थी र सामान्य सदस्यको खातामा धेरै रकम र धेरै पटक कारोबार भएमा ।

१० सदस्यको खातामा पृष्टी गर्न नसक्ने गरी बारम्बार विद्युतीय माध्यमबाट रकम जम्मा भएमा ।

११ वास्तविक धनीको स्पष्ट पहिचान नहुनु ।

एफसिए राजकुमार फुयाल

## खाता र खातामा हुने गतिविधीबाट प्राप्त सूचना :

१२ उच्च मात्रामा ATM कारोवार हुनु ।

१३ एउटै फोन नं. वा ठेगानाको प्रयोग गरी धेरै बचत खाता खोल्नु ।

१४ स्रोत र उपयोग लुकाउने गरी एक खाताबाट अन्यमा रकमान्तर गर्नु ।

१५ भुक्तानी पूर्जाको प्रयोग गर्न सहज हुने अवस्थामा पनि धेरै मात्रामा नगद कारोबार गर्नु ।

एफसिए राजकुमार फुयाल

## खाता र खातामा हुने गतिविधीबाट प्राप्त सूचना :

१६ खातामा असम्बन्धित व्यक्तिहरूले नगद जम्मा गरेको देखिनु ।

१७ खाता सञ्चालनमा आएको छोटो अवधिमै बन्द हुनु ।

१८ व्यावसायिक खाताको कारोबार न्यून हुनु तर व्यक्तिगत खातामा अस्वाभाविक कारोबार देखिनु ।

१९ विद्युतीय माध्यमबाट हुने कारोबारमा अस्वभाविक संख्यामा वृद्धि हुनु ।

एफसिए राजकुमार फुयाल

## घरजग्गा कारोवारमा शंका गर्नुपर्ने अवस्था

- शहरी क्षेत्रका घरजग्गा कारोवार, जग्गा किनबेच र प्लटिङ्ग जस्ता व्यवसायिक कृयाकलापहरुमा वास्तविक कारोवार मूल्य घोषणा नगरी हुने राजस्व चुहावट ।
- घर जग्गा कारोबार, जुवा, सहुलियत तथा कम निगरानी हुने व्यवसायमा लगानी गर्ने सदस्य ।
- घर, जग्गा किन्दा नगदमा रकम भुक्तानी गर्नु ।



एफसिए राजकुमार फुयाल

## व्यवसाय सञ्चालनमा शंका गर्नुपर्ने अवस्था

- सहकारीको स्टेटमेन्ट र कर चुक्ताको लागि पेस गरेको करोबार विवरण मेल नखानु ।
- आर्थिक प्रतिवेदनमा व्यवसाय सञ्चालनलाई सहयोग हुने खालका घरभाडा, सञ्चार सेवा, बिजुली, पानीजस्ता नियमित प्रकृतिका खर्चहरू भएको नदेखिनु ।
- सामान बेचेको प्यान बिल, भ्याट बिल नदिने ।




एफसिए राजकुमार फुयाल

## व्यवसाय सञ्चालनमा शंका गर्नुपर्ने अवस्था

- व्यक्ति वा निजका परिवारका सदस्यहरूका नाममा रहेका खाताहरूमा निजको व्यावसायिक कम्पनीको कारोवारभन्दा उच्च वा औचित्य पुष्टि नहुने गरी अस्वाभाविक रूपले उच्च परिमाणमा कारोवार हुनु ।
- नक्कली बिल बीजक प्रयोग गर्ने र ठगी गर्ने कार्यमा संलग्न भएको भनी विभिन्न सञ्चार माध्यममा नाम आउनु ।
- व्यक्ति वा संस्थाका बारेमा राजस्व छली तथा वित्तीय अपराध गरेको उजुरी पर्नु ।



एफसिए राजकुमार फुयाल

## अन्य शंका गर्नुपर्ने अवस्था

- बैंक, बीमा वा सहकारीमा काम गर्ने कर्मचारीले अकस्मात जागिर छोडी ठूलो व्यवसायमा लगानी गर्नु सो रकमको स्रोत प्रष्ट नहुनु ।
- व्यक्तिको खाताको कारोबार अस्वाभाविक रूपमा बाल बालिकाहरूको खेलौना तथा बाल खेलकुद सामग्री किन्न प्रयोग भएको देखिनु ।
- निकुन्जमा चोरी सिकारी बढ्नु ।
- मठमन्दिरबाट मूर्तिहरु हराउनु ।



एफसिए राजकुमार फुयाल

## कार्यान्वयन अधिकारी (कम्प्लायन्स अफिसर)

- **संस्थाले कानुनी र नियामक आवश्यकताहरू साथै आन्तरिक नीति र प्रक्रियाहरूको पालना गर्दछ भनी सुनिश्चित गर्ने जिम्मेवारी पाएको कर्मचारी अनुपालन अधिकारी हो ।**
- **अनुपालन अधिकारीले अनुपालन जोखिमहरू पहिचान गर्न, न्यूनीकरण गर्न र व्यवस्थापन गर्न र संस्था भित्र नैतिक व्यवहारको संस्कृति प्रवर्द्धन गर्न महत्वपूर्ण भूमिका खेल्नुपर्दछ ।**



एफसिए राजकुमार फुयाल

## कार्यान्वयन अधिकारी (कम्प्लायन्स अफिसर)

- संस्थाले व्यवस्थापकीय तहको कुनै एक उच्च पदाधिकारीलाई **कार्यान्वयन अधिकृत** तोक्नुपर्ने,
- कार्यान्वयन अधिकृतको नाम, ठेगाना, सम्पर्क टेलिफोन नम्बर र ईमेलको जानकारी वित्तीय जानकारी इकाईलाई दिनुपर्ने ।



एफसिए राजकुमार फुयाल

✓ **अनुपालना अधिकारीले सहकारीले आफ्नो कानुनी र नियामक आवश्यकताहरू साथै आन्तरिक नीतिहरू पालना गरेको सुनिश्चित गर्नुपर्दछ ।**

✓ **अनुपालन अधिकारीलाई सहकारीको बारेमा पूर्ण ज्ञान हुनुपर्छ र सम्भावित नियामक उल्लङ्घनहरू कहाँ हुन सक्छन् भन्ने बारे सचेत हुनुपर्छ ।**

✓ **अनुपालन अधिकारीहरूले प्रमुख नियामक परिवर्तनहरू समेटेर कर्मचारीहरूलाई नियमित प्रशिक्षण सत्रहरू आयोजना गर्नुपर्छ ।**

एफसिए राजकुमार फुयाल

नियामक अनुगमन : सान्दर्भिक कानून, नियमहरू र उद्योग मापदण्डहरूसँग अद्यावधिक राख्ने ।

नीति विकास : अनुपालन नीतिहरू र प्रक्रियाहरू विकास र कार्यान्वयन गर्ने ।

तालिम र शिक्षा : कर्मचारीहरूलाई अनुपालन र नैतिक आचरणमा प्रशिक्षण र शिक्षा प्रदान गर्ने ।

जोखिम मूल्याङ्कन : अनुपालन जोखिमहरू पहिचान गर्न र कम गर्न जोखिम मूल्याङ्कन सञ्चालन गर्ने ।

निगरानी र लेखा परीक्षण : अनुपालन सुनिश्चित गर्न संगठनात्मक गतिविधिहरूको अनुगमन र लेखा परीक्षण गर्ने ।

एफसिए राजकुमार फुयाल

## अनुपालन अधिकारीको भूमिकाका चुनौतीहरू




एफसिए राजकुमार फुयाल




## कसको जिम्मेवारी के ?

- **सञ्चालक समिति**
  - आवश्यक नीति, कार्यविधि, नियन्त्रण प्रणाली,जनशक्ति, साधन, स्रोतसमेतको समुचित व्यवस्था मिलाउने
- **प्रमुख कार्यकारी अधिकृत**
  - आवश्यक व्यवस्थापकीय जिम्मेवारी

एफसिए राजकुमार फुयाल

- निर्देशिका बमोजिमको दायित्व पूरा गर्न **व्यवस्थापन स्तरको कार्यान्वयन अधिकारी (कम्प्लायन्स अफिसर)** नियुक्त गर्नुपर्ने ।
- कार्यान्वयन अधिकारी (कम्प्लायन्स अफिसर) नियुक्त नभएसम्मका लागि **प्रमुख कार्यकारी अधिकृत**ले नै कार्यान्वयन अधिकारीको समेत जिम्मेवारी बहन गर्नुपर्नेछ ।



एफसिए राजकुमार फुयाल

## कार्यान्वयन अधिकृतको जिम्मेवारी :

कार्यान्वयन अधिकृतको दायित्व देहाय बमोजिम हुनेछ :-

(क) यस नियमावली वा निर्देशन बमोजिमको कार्य गर्ने **फोकल प्वाइन्ट**को रूपमा काम गर्ने,

(ख) कारोबारको **अभिलेख सुरक्षित रूपमा राख्न** लगाउने,

(ग) शंकास्पद वा अन्य आवश्यक **कारोबारको जानकारी** पत्र वा फ्याक्स, ईमेल जस्ता विद्युतीय संचार माध्यमबाट वित्तीय जानकारी इकाईलाई दिने,

(घ) आफ्नो सदस्यको कारोबारको जानकारी वित्तीय जानकारी इकाईलाई नियमित रूपमा उपलब्ध गराउने ।

एफसिए राजकुमार फुयाल

## सूचनाको गोपनीयता कायम गर्नु पर्ने :

- कार्यान्वयन अधिकारीले सीमा शंकास्पद् कारोबारको प्रतिवेदनको सूचना वा जानकारी वित्तीय जानकारी इकाई बाहेक अन्य कसैलाई दिनु हुँदैन ।
- संस्थाको **पदाधिकारी, कर्मचारी, सल्लाहकार वा लेखापरीक्षकले** आफ्नो कार्यसम्पादनका सिलसिलामा प्राप्त सूचना वा जानकारी गोप्य राख्नुपर्नेछ ।
- गोपनीयता भंग गरेमा **रु. १० लाख सम्म** जरिवाना हुनेछ ।



एफसिए राजकुमार फुयाल

## Tipping Off



संस्थाका पदाधिकारी तथा कर्मचारीहरुले ऐन, नियमावली तथा निर्देशीका बमोजिम तयार गरिएका प्रतिवेदन, कागजात, अभिलेख, विवरण, सूचना वा जानकारी सदस्य वा अन्य कुनै व्यक्तिलाई जानकारी दिनु हुँदैन ।

कसैले सदस्य वा अन्य कुनै व्यक्तिलाई कुनै प्रतिवेदन, कागजात, अभिलेख, विवरण, सूचना वा जानकारी उपलब्ध गराएको पाइएमा ऐनमा भए बमोजिम सजाय हुनेछ ।

एफसिए राजकुमार फुयाल

## आन्तरिक कार्यविधि :

सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०६४ र सो अन्तर्गत बनेका नियमावलीको प्रभावकारी कार्यान्वयनका लागि संस्थाले **आन्तरिक नीति तथा कार्यविधि** तर्जुमा गरी साधारण सभाबाट पारित गराई लागू गर्नुपर्छ ।






एफसिए राजकुमार फुयाल

संस्थाले आन्तरिक कार्यविधि तर्जुमा गर्दा देहायका विषय समेत समावेश गर्नुपर्छ- :

(क) आन्तरिक जिम्मेवारी तथा कार्यविभाजन,

(ख) सदस्यको पहिचान तथा अद्यावधीकरण,

(ग) जोखिम मूल्याङ्कन तथा व्यवस्थापन,

(घ) अनुगमन पद्धति,

(ङ) अस्वाभाविक, असामान्य तथा शङ्कास्पद कारोबारको पहिचान तथा प्रतिवेदन पद्धति,

(च) सञ्चालक समिति, लेखापरीक्षक लगायत अन्य पदाधिकारी तथा कर्मचारीले नियमित रूपमा सम्पादन गर्नुपर्ने कार्यका लागि आवश्यक जाँचसूची (चेक लिष्ट),

एफसिए राजकुमार फुयाल

(छ) कागतपत्रको हिफाजत, सूचना संरक्षण, संरचनामा पहुँच नियन्त्रण, प्रचलित कानुन बमोजिम माग भएका सूचना दिने प्रक्रियाहरूको स्थापना एव अभिलेखका लागि आवश्यक भौतिक सुविधा तथा उपकरणको निर्धारण गर्ने व्यवस्था,

(ज) कर्तव्य पालनामा लापरवाही गर्ने कर्मचारी उपर अनुशासनको कारबाई,

(झ) आन्तरिक नियन्त्रण, सुपरिवेक्षण, प्रतिवेदन र समीक्षा,

(ञ) अभिलेख सम्बन्धी व्यवस्था र

(ट) अन्य आवश्यक विषय ।

एफसिए राजकुमार फुयाल


संस्थाले कानुनमा भएको परिवर्तन, जोखिम मूल्याकन, व्यवसाय र प्रविधिमा भएको परिवर्तन, कसुर गर्ने तरिका तथा प्रवृतिमा आएको परिवर्तन समेतको आधारमा वार्षिक रुपमा कम्तीमा १ पटक र आवश्यकता अनुसार एक पटकभन्दा बढी जोखिममा आधारित संस्थागत नीति, कार्यविधि तथा कार्ययोजना अद्यावधिक गरी सहकारी विभागमा पेश गर्नु पर्नेछ।




एफसिए राजकुमार फुयाल

## एकीकृत व्यवस्थापन सूचना प्रणालीमा आवद्धता:

- रु. ५ करोड वा सोभन्दा बढी रकमको जायजेथा भएको संस्थाले **१ वर्षभित्र**
- अन्य संस्थाले **३ वर्षभित्र** मन्त्रालयले स्वीकृत गरेको **एकीकृत व्यवस्थापन सूचना प्रणाली (COPOMIS)** मा आवद्ध भइसक्नुपर्नेछ।




एफसिए राजकुमार फुयाल

## अभिलेख व्यवस्थापनः

- ✓सदस्य पहिचान तथा सम्पुष्टि सम्बन्धी अभिलेख,
- ✓सदस्य, वास्तविक धनी र कारोबारका सम्बन्धमा गरिएको विश्लेषणको निष्कर्ष तथा प्रतिवेदन सम्बन्धी सबै कागजात, विवरण तथा अभिलेख,
- ✓सूचक संस्थाको आर्थिक प्रतिवेदन तथा अन्य अभिलेखहरु,
- ✓कारोबार गर्न गरेको प्रयासको कागजात, विवरण तथा अभिलेख,
- ✓नियमनकारी निकायले तोकिदिए बमोजिमका अन्य कागजात, विवरण र अभिलेख ।





## अभिलेख सुरक्षित राख्नु पर्ने :

- ✓ यस निर्देशन बमोजिम तयार भएका विवरण, सूची, जानकारी र प्रतिवेदन सो कारोबार भएको मितिले **कम्तीमा पाँच वर्षसम्म** दुरुस्त रुपले व्यवस्थित तथा सुरक्षित राख्नु पर्नेछ ।
- ✓ विद्युतीय माध्यममा समेत तिनको विवरण राख्नुपर्ने,
- ✓ रु. ५ करोड वा सोभन्दा बढीको जायजेथा हुने संस्थाले **फायर प्रुफ दराज** र अन्य संस्थाले पनि यथासम्भव सुरक्षित दराजमा राख्नुपर्ने ।



एफसिए राजकुमार फुयाल

# कारबाई तथा सजाय :









| क्र.सं. | पालना नभएको व्यवस्था | कारबाई |
|---|---|---|
| १ | नीति तथा कार्यविधि नभएमा | • लिखित रूपमा सचेत गराउने ।<br>• बचत सङ्कलनमा सीमा तोक्ने ।<br>• कर्जा प्रवाहमा सीमा तोक्ने ।<br>• **रु. १० लाख वा** गाम्भीर्यका आधारमा **रु.३० लाख सम्म** जरिबाना गर्ने ।<br>•**संस्थाको दर्ता खारेजसम्मको** कारबाई गर्ने । |

| क्र.सं. | पालना नभएको व्यवस्था | कारबाई |
|---|---|---|
| २ | पहिचान सम्बन्धी व्यवस्था कार्यान्वयन नभएमा | • लिखित रूपमा सचेत गराउने ।<br>• बचत सङ्कलन र कर्जा प्रवाहमा सीमा तोक्ने ।<br>• **रु. १० लाख** जरिबाना गर्ने ।<br>• **अटेर गरेमा वा बारम्बार सोहि गल्ती गरेमा** गाम्भीर्यताका आधारमा **रु.१० लाख भन्दा बढी वा संस्थाको दर्ता खारेजसम्मको** कारबाही गर्ने । |
| ३ | बेनामी वा काल्पनिक नाममा कारोबार गरेको पाइएमा | **रु. ३० लाख** देखि गाम्भीर्यताका आधारमा **रु. ५ करोड** सम्म जरिबाना वा थप सजाय गर्ने । |

एफसिए राजकुमार फुयाल

| क्र.सं. | पालना नभएको व्यवस्था | कारबाई |
|---|---|---|
| ४ | ऐनको परिच्छेद ६ ख. को व्यवस्था पालना भएको नपाइएमा **(आतङ्ककारी व्यक्ति, समूह वा संगठन सम्बन्धी** ) | • **पहिलो पटक रु. २० लाख** जरिबाना गर्ने ।<br>• **दोस्रो पटक रु. ५० लाख** जरिबाना गर्ने ।<br>• **तेस्रो पटक देखि** रु. २ करोड वा गाम्भीर्यता अनुसार रु. ५ करोडसम्म जरिबाना गर्ने ।<br>•पटक-पटक प्रणालीगत समस्या भएमा कारोबार वा व्यवसायमा आंशिक वा पूर्ण रोक लगाउने वा संस्थाको दर्ता खारेज गर्नेसम्मको कारबाई गर्ने । |

एफसिए राजकुमार फुयाल

| क्र.सं. | पालना नभएको व्यवस्था | कारबाई |
|---|---|---|
| ५ | उच्च पदस्थ व्यक्तिको पहिचान हुने प्रणालीको व्यवस्था नभएमा | • लिखित रूपमा सचेत गराउने ।<br>• बचत सङ्कलनमा सीमा तोक्ने ।<br>• कर्जा प्रवाहमा सीमा तोक्ने ।<br>• **रु. १० लाख** वा गाम्भीर्यको आधारमा **रु. ३० लाख** सम्म जरिबाना गर्ने ।<br>• **संस्थाको दर्ता खारेजसम्मको** कारबाई गर्ने । |



| क्र.सं. | पालना नभएको व्यवस्था | कारबाई |
|---|---|---|
| ६ | वास्तविक धनीको पहिचान गर्ने, बृहत् पहिचान गर्ने तथा पहिचान अद्यावधिक गर्ने व्यवस्था नभएमा | • लिखित रूपमा सचेत गराउने ।<br>• बचत सङ्कलनमा सीमा तोक्ने ।<br>• कर्जा प्रवाहमा सीमा तोक्ने ।<br>• **रु. १० लाख** जरिबाना गर्ने ।<br>• **रु. १० लाखभन्दा बढी** जरिबाना वा गाम्भीर्यताको आधारमा **संस्थाको दर्ता खारेजसम्मको** कारबाई गर्ने । |

| क्र.सं. | पालना नभएको व्यवस्था | कारबाई |
|---|---|---|
| ७ | जोखिम व्यवस्थापन भएको नपाइएमा र **जोखिम मूल्याङ्कन प्रतिवेदन** तयार नगरेमा वा नियमनकारी निकायमा**प्रतिवेदन** पेश नगरेमा | • लिखित रूपमा सचेत गराउने ।<br>• बचत सङ्कलनमा सीमा तोक्ने ।<br>• कर्जा प्रवाहमा सीमा तोक्ने ।<br>• **रु. १० लाख** वा गाम्भीर्यको आधारमा **रु. ३० लाख** सम्म जरिबाना गर्ने ।<br>• **संस्थाको दर्ता खारेजसम्मको** कारबाई गर्ने । |
| ८ | निरन्तर अनुगमन सम्बन्धी व्यवस्था नभए मा | • लिखित रूपमा सचेत गराउने ।<br>• रु. १० लाख जरिबाना गर्ने ।<br>• रु. १५ लाख वा गाम्भीर्यअनुसार थप जरिबाना/सजाय गर्ने । |



| क्र.सं. | पालना नभएको व्यवस्था | कारबाई |
|---|---|---|
| ९ | सीमा कारोबारको पहिचान गर्ने प्रणाली नभएमा | • लिखित रूपमा सचेत गराउने ।<br>• बचत सङ्कलनमा सीमा तोक्ने ।<br>• कर्जा प्रवाहमा सीमा तोक्ने ।<br>• रु. १० लाख वा गाम्भीर्यको आधारमा रु. ३० लाखसम्म जरिबाना गर्ने ।<br>• संस्थाको दर्ता खारेजसम्मको कारबाई गर्ने । |

| क्र.सं. | पालना नभएको व्यवस्था | कारबाई |
|---|---|---|
| १० | शङ्कास्पद कारोबारको पहिचान गर्ने प्रणाली नभएमा | • लिखित रूपमा सचेत गराउने ।<br>• बचत सङ्कलनमा सीमा तोक्ने ।<br>• कर्जा प्रवाहमा सीमा तोक्ने ।<br>• रु. २० लाख जरिबाना गर्ने ।<br>•रु. २० लाखभन्दा बढी जरिबाना वा गाम्भीर्यताको आधारमा संस्थाको दर्ता खारेजसम्मको कारबाई गर्ने । |

एफसिए राजकुमार फुयाल

| क्र.सं. | पालना नभएको व्यवस्था | कारबाई |
|---|---|---|
| ११ | कार्यान्वयन अधिकारी वा दफा २४ को उपदफा (२) बमोजिमको व्यवस्था भएको नपाइएमा | • लिखित रूपमा सचेत गराउने ।<br>• बचत सङ्कलनमा सीमा तोक्ने ।<br>• कर्जा प्रवाहमा सीमा तोक्ने ।<br>• **रु. १० लाख** जरिबाना गर्ने ।<br>• **संस्थाको दर्ता खारेजसम्मको** कारबाई गर्ने । |

एफसिए राजकुमार फुयाल

| क्र.सं. | पालना नभएको व्यवस्था | कारबाई |
|---|---|---|
| १२ | सञ्चालक समितिले गर्नुपर्ने समीक्षा नगरेमा | • लिखित रूपमा सचेत गराउने ।<br>• बचत सङ्कलनमा सीमा तोक्ने ।<br>• कर्जा प्रवाहमा सीमा तोक्ने । |
| १३ | संस्थागत तथा कर्मचारीको क्षमता विकासका कार्य नगरेमा | • लिखित रूपमा सचेत गराउने ।<br>• बचत सङ्कलनमा सीमा तोक्ने ।<br>• कर्जा प्रवाहमा सीमा तोक्ने । |

एफसिए राजकुमार फुयाल

| क्र.सं. | पालना नभएको व्यवस्था | कारबाई |
|---|---|---|
| १४ क | ~~चौमासिक प्रतिवेदन नपठाएमा~~ | ~~• लिखित रूपमा सचेत गराउने ।~~<br>~~• बचत सङ्कलनमा सीमा तोक्ने ।~~<br>~~• कर्जा प्रवाहमा सीमा तोक्ने ।~~<br>~~• रु. १० लाख वा गाम्भीर्यको आधारमा थप जरिवाना गर्ने ।~~<br>~~• संस्थाको दर्ता खारेजसम्मको कारबाई गर्ने ।~~ |
| १५ | सीमा/शङ्कास्पद कारोबार प्रतिवेदन समयमा नपठाएमा | ऐनको दफा १० को उपदफा (७) बमोजिम वित्तीय जानकारी इकाईले रु. १० लाखसम्म जरिबाना गर्न सक्ने । |

एफसिए राजकुमार फुयाल

## सफाई पेश गर्ने मनासिब मौका दिनु पर्ने

- नियमनकारी निकायले कारबाही तथा सजाय गर्दा सम्बन्धित संस्थालाई आफ्नो सफाई पेश गर्ने मनासिब मौका दिनु पर्ने ।
- कारबाई गर्दा विभागले कम्तीमा **१५** दिनको समय दिई स्पष्टीकरण सोध्नेछ ।
- नियमनकारी निकायले गरेको कारबाही वा सजायमा चित्त नबुझ्ने संस्थाले **३५ दिनभित्र** सम्बन्धित उच्च अदालत समक्ष पुनरावेदन दिन सक्नेछ ।



एफसिए राजकुमार फुयाल



**goAML System मा वेव एक्सएमएल माध्यमबाट रिपोर्टिङ गर्ने सम्बन्धी सूचना**

नेपाल राष्ट्र बैंक
वित्तीय जानकारी इकाई

**सूचना**

२०८०/०४/३०

सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ अनुसार यस इकाईमा पेश गर्नुपर्ने शंकास्पद कारोबार/गतिविधि प्रतिवेदन तथा सीमा कारोबार प्रतिवेदन (STR/SAR/TTR) हरु goAML (Production Environment) मा आवद्ध भईनसकेका सूचक संस्थाहरुले यथाशिघ्र goAML System (Production Environment) मा रजिष्टर्ड भई STR/SAR/TTR हरु Web/XML माध्यमबाट रिपोर्टिङ गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

यसअघि goAML system को Test Environment तथा Production Environment मा रजिष्टर्ड भई Message Board मार्फत प्रतिवेदन तथा विवरणहरु पेश गरिरहेका सम्पूर्ण सूचक संस्थाहरुले समेत goAML (Production Environment) को Web/ XML मार्फत (STR/SAR/TTR) सम्बन्धी रिपोर्टिङ गर्नुहुन समेत सुचित गरिन्छ ।

साथै यसै सुचनालाई आधार मानी **Message Board, CD, पत्र वा ईमेलका माध्यमबाट कुनै पनि प्रतिवेदन पेश नगर्नुहुन र पेश भइ आएमा स्वीकार नगरिने** व्यहोरा समेत जानकारी गराइन्छ ।

- goAML को Production Environment मा रजिष्ट्रेशन/login गर्ने web ठेगाना*: https://goaml.fiu.nrb.org.np/PRD/Home
- goAML मा रजिष्ट्रेशन गर्ने तरिका सम्बन्धी Video tutorial: https://goaml.fiu.nrb.org.np/FIUWeb/GoAml/GetRegister

**Register गर्दा Attach गर्नुपर्ने पत्रको नमुना यसै सूचनासँगै संलग्न गरिएको छ ।*

थप जानकारीका लागि
**इमेल:** goaml@nrb.org.np
**फोन:** ०१-४४११२५०/४४१०२०१ (एक्सटेन्शन: ४१८)
**वेबसाईट:** www.nrb.org.np/departments/fiu

एफसिए राजकुमार फुयाल

- राष्ट्र बैंकको निर्देशनबाट वाणिज्य बैंकहरुले २०७६ माघ १ गतेबाटै **गो ए.एम.एल स्फ्टवेयर**को प्रयोग गरेको ।
- **UNODC** ले २०१० मा तयार गरेको ।
- डाटा बटुल्ने देखिन प्रतिवेदन लेखनसम्म १४ वटा कार्य सम्पादन एउटै स्फ्टवेयरबाट हुने ।
- विवरणहरु विद्युतीय माध्यमबाट वित्तीय जानकारी ईकाइमा पेश गर्न सकिने ।
- विभिन्न सेवा केन्द्रबाट विभिन्न समयमा भएको कारोबारको जानकारी सजिलै प्राप्त गर्न सकिने ।
- सबै सदस्यको **KYM** विवरण ए.एम.एल स्फ्टवेयरमा हाल्नुपर्ने ।

एफसिए राजकुमार फुयाल




एफसिए राजकुमार फुयाल

## Register an Organisation

**Reporting Entity**

For Reporting Entities such as BFIs, Insurance, Securities, Co-operatives, DNFBPs, etc.

**Supervisory Body**

For Regulatory and Supervisory Body

**Stakeholder**

For Law Enforcement Agencies (LEAs)

## Register a User


**User (Reporting Entity)**

Register as a user of an existing organisation (NOT IN USE)

**User (Individual)**

Register as an individual user (NOT IN USE)

एफसिए राजकुमार फुयाल




goAML
Anti-Money Laundering System

Please sign in with your username and password. If you do not have a username and password you have to register before logging in.


User Name

Password

LOGIN >>


Register | Forgot Password | Close

एफसिए राजकुमार फुयाल


Local Currency Code: **NPR** | Reporting Entity: **Sahara Saving And Credit Co-operative Society Ltd** | Entity ID: **1660** | Report ID: **7213000-0-0**


* Reporting Entity Head Office is ...
Reporting Entity Reference
* Report Date: 1/23/2025
FIU Reference
Previously Rejected Report Ref N...
Reason
Total Suspicious Amount
+ Location
+ Additional Information

एफसिए राजकुमार फुयाल



## Transaction

Is Suspicious
Agent Name
Value Date: month/day/year
Transaction Type
Status
* Number is required!
Internal Reference Number
* Transaction Mode is required!
Transaction Comment
* Local Amount is required!
* Date is required! month/day/year
Late Deposit?
Posting Date: month/day/year
Teller
Authorized
* Location is required!
Description
Comments
+ Address

एफसिए राजकुमार फुयाल




एफसिए राजकुमार फुयाल




एफसिए राजकुमार फुयाल

For any further queries or confusions regarding goAML, please do contact the **'goAML Implementation Team'** members of FIU-Nepal through:

- **Email**: goaml@nrb.org.np
- **Tel:** 01-5719653/54/55/56 (Ext. 418/817/828)

Please do visit our website www.nrb.org.np/departments/fiu for latest documents, notices and information.



## Case Study 1 : अस्भाविक कारोबार

सदस्यले थोरै पैसा जम्मा गरेर खाता खोल्नु भयो । केही दिन पछि खातामा ठूलो मात्रामा नगद जम्मा भयो र ३ दिन पछिनै सबै रकम भुक्तानी पूर्जाबाट निकालियो । सदस्यलाई कारोबारको बारेमा सोधपुछ गर्दा चित्तबुझ्दो जवाफ प्राप्त हुन सकेन । सदस्यले केही दिन पछि साथी लिएर आएर उक्त रकम साथीले जग्गा किन्न हालिदिएको भन्नुभएछ ।

**ALERT ALERT ALERT**

- **शंकास्पद कारोबार ।**
- **चित्तबुझ्दो जवाफ प्राप्त हुन नसकेको ।**
- **अन्य व्यक्तिले खाता प्रयोग गरेको ।**

## Case Study 2 : धेरै खाता एकै पटक खोलिएको

राम भन्ने सदस्यले एकै पटक १५ जनाको खाता खोल्न फोटो र नागरिकताको फोटोकपी सहित आउनुभएछ । फर्महरुमा भने पहिलानै हस्ताक्षर गरिसकेको रहेछ ।

**ALERT ALERT ALERT**

- **सदस्य आफै खाता खोल्न आउनुभएको छैन ।**
- **पहिलानै हस्ताक्षर गरिसकेको छ ।**
- **सबै भुक्तानी पूर्जा रामलाई दिनु भन्ने अख्तियारी पत्र पनि रहेछ ।**

एफसिए राजकुमार फुयाल

## Case Study 3 : अस्वभाविक रुपमा ऋणको अग्रीम भुक्तानी

सदस्यले भाडामा लगाउने प्रयोजनका लागि २ वटा गाडिको लागि ३० लाख रुपैया हायर पर्चेज ऋण लिनु भएको थियो । तर सदस्यले केही महिना दिन पछिनै सबै ऋण चुक्ता गरि खाता बन्द गर्नु भएछ ।

**ALERT ALERT ALERT**



- **शंकास्पद कारोबार ।**
- **कसरी छिटो ऋणको भुक्तानी भयो होला ।**
- **ऋण भुक्तानी नगदबाट भएको छ कि चेकबाट ।**
- **अन्य वित्तीय सहकारी/बैंकबाट ऋण लिएर चुक्ता भएको नभएको एकिन गर्ने ।**

एफसिए राजकुमार फुयाल

## Case Study 4 : जग्गा विक्रीको रकम

- रमेशले आफ्नो जग्गा रु. २ करोड २० लाखमा बेच्नु भएछ । तर मालपोतमा थैली रकम जम्मा ९० लाख देखाउनुभयो । उहाले सबै रकम ९० लाखको चेक र १ करोड ३० लाख नगद सहकारीमा जम्मा गर्नु भएछ ।
- सहकारीले शंकास्पद कारोबारको विवरण ३ दिन भित्र पेश गर्नुपर्ने ।




एफसिए राजकुमार फुयाल

## Case Study 5 : वास्तविक धनीको पहिचान गर्ने

- राम प्रसादजी ले संस्थाबाट रु ३,२०,००० को हायर पर्चेज ऋण लिनुभएको रहेछ । स्कुटर भने उहाँको छोरीले पोखरामा प्रयोग गर्नुहुँदो रहेछ ।
- यस कारोबारमा वास्तविक धनी राम प्रसादजीको छोरी भएकाले उहाँको पनि सदस्य पहिचान गर्नुपर्ने हुन्छ ।



एफसिए राजकुमार फुयाल

## Case Study 6 : उद्देश्य अनुसार व्यवसाय नभएमा ?

- राजु मास्टरले संस्थाबाट रु. ८०,००,००० व्यापार ऋण लिनुभएको रहेछ ।
- ऋण लगानीको ३ महिना पछि संस्थाबाट अनुगमनमा जाँदा व्यवसायमा १० लाख पनि लगानी भएको देखिन्न रहेछ ।
- बाँकी पैसा कहाँ लगानी भयो त ?






## Case Study 7 : होटल व्यवसायको आम्दानी ?

- एक जना सदस्यको सामान्य चियाको पसल थियो ।
- प्राय सबै चिया पसल ठिकै मात्र चलिरहेको अवस्थामा उहाँको होटेलबाट भने एक दुई दिनको फरकमा लाख दुई लाख जम्मा हुन थाल्यो ।

**यस्तो केसमा के गर्ने ???**



## होटल व्यवसायको आम्दानी ?

- एउटा सदस्यको पोखराको लेकसाइडमा पिज्जा रेष्टुरेन्ट रहेछ ।
- रेष्टुरेन्ट कम्पनी रजिष्ट्रारको कार्यलयमा र कर कार्यलयमा विधिपूर्वक दर्ता छ ।
- व्यवसाय खासै चलेको थिएन । तर उहाँले विक्री बापतको आम्दानी १०/१२ गुणा बढाएर हिसाब देखाउनु हुँदोरहेछ ।
- मस्केबारी समयमा भरेको छ । कर पनि समयमा भुक्तानी भएको छ ।





**यस्तो केसमा के गर्ने ???**

एफसिए राजकुमार फुयाल

## Case Study 8 : लामो समयबाट कारोबार नभएको खातामा हुने कारोबार ?

- एक जना सदस्यको खातामा कारोबार नभएको ३/४ वर्ष भएको थियो ।
- एकाएक उसको खातामा हप्ता दिनमा गरेर ४०,००,००० रकम जम्मा भयो ।
- खातामा पैसा जम्मा भएको हप्ता दिनमा उहाँले सबै रकम नगदमा निकाल्नुभयो ।



एफसिए राजकुमार फुयाल

## Case Study 9 : ऋण कारोबारको धितो जोखिम ?

- एक जना सदस्यले ४० लाख रुपैया व्यापार ऋण लिनु भएको रहेछ ।
- धितो लिएको घर/जग्गाको धितो मूल्याङ्कन रकम रु.१,५०,००,००० रहेछ ।
- **ऋणी सदस्यको घर किन्न सक्ने क्षमतानै रहेनछ ।**





## Case Study 10 : पेसासँग मेल नखाने व्यवसाय ?

- संस्थाको सदस्य श्रीकुमार पेसाले वकिल हुनुहुँदो रहेछ । उहाँले व्यवसाय ऋण भनेर रु ५०,००,००० ऋण लिनुभएको रहेछ । उहाँले ऋण लिने बेलामा ३ वटा कम्पनीको कागजपत्र पेश गर्नुभएको रहेछ। सबै कम्पनी होटल, रियल स्टिट र ईन्भेष्टमेन्टसँग सम्बन्धित रहेछन् ।
- पेसासँग मेल नखाने व्यवसाय भएकाले एकदम नजिकबाट उहाँको कारोबारको जाँच गर्नुपर्ने हुन्छ ।



फोटोकपी पसलको आवरणमा सट्टेबाजी धन्दा, घर-घडेरी जोडेपछि पक्राउ

३ वैशाख, काठमाडौं । सट्टेबाजी गराएर २ वर्षमै ४ करोड कमाइ गरेको देखिएपछि सर्लाहीका तीन जनालाई प्रहरीले पक्राउ गरेको छ ।

एफसिए राजकुमार फुयाल

## Case Study 10.1 : पेसासँग मेल नखाने व्यवसाय ?

- संस्थाको सदस्य प्रेमकुमारी पेसाले गृहिणी हुनुहुँदो रहेछ । उहाँको खातामा तर १००००० जस्तो हरेक महिनामा जम्मा हुनेरहेछ ।
- आम्दानीको श्रोत सिर्फ घर खर्चको बचत देखिन्छ ।
- पेसासँग मेल नखाने कारोबार भएकाले एकदम नजिकबाट उहाँको कारोबारको जाँच गर्नुपर्ने हुन्छ ।



गृहिणी

एफसिए राजकुमार फुयाल

## Case Study 11 संस्थाको खातामा पैसा जम्मा गरिदिनु

- संस्थाको सदस्य श्री राम कुमारले सहकारीको कुमारी बैंकको खातामा ३२ लाख रुपैया जम्मा गरिदिए । सहकारीले पनि राम कुमारको खातामा ३२ लाख जम्मा गरिदियो । एक हप्ता पछि राम कुमारले सबै पैसा निकाल्नुभयो ।

ALERT ALERT ALERT

- **अन्य व्यक्तिले खाता प्रयोग गरेको ।**

सर संस्थाको खाता नम्बर दिनुहोस् न म पैसा जम्मा गरिदिन्छु ।

एफसिए राजकुमार फुयाल

# Case Study 12 विभिन्न ठाउँबाट कारोबार

- संस्थाको सदस्य श्री राम कुमार काठमाण्डौंमा सामान्य जागिरे हुनुहुँदो रहेछ । उहाँको साथीको चरिकोटमा सानो होटल छ । राम कुमारको साथीले शैलुङमा होटेल खोल्ने योजना सुनाएछ । राम कुमारले सहकारीको कुमारी बैंकको खातामा काठमाण्डौको चावहिल शाखाबाट नौ लाख, काँडाघारी शाखाबाट ८ लाख, थली शाखाबाट ९ लाख, जाउलाखेल शाखाबाट ८ लाख र न्यूरोड शाखाबाट ९ लाख गरी ४३ लाख रुपैया जम्मा गरिदिए । सहकारीले पनि राम कुमारको खातामा ४३ लाख जम्मा गरिदियो । एक हप्ता पछि राम कुमारले सबै पैसा पटक नबमक गरेर नगदमा निकाल्नुभयो ।

ALERT ALERT ALERT

- **सिमा कारोबार छल्ने गरी विभिन्न ठाउँबाट कारोबार भएको ।**
- **अन्य व्यक्तिले खाता प्रयोग गरेको ।**
- **राम कुमारको आम्दानीसँग जम्मा भएको रकम मेल नखाएको ।**



# Case Study 13

- संस्थाको सदस्य श्री राम कुमारको सामान्य मोबाइल विक्री तथा रिपेयर पसल रहेछ । उहाँकोमा पुराना मोबाइल फोननै धेरै विक्री हुनेरहेछ । रवि कुमारले सहकारीमा धरै मात्रामा नगद कारोबार गर्नुहुँदो रहेछ ।



ALERT ALERT ALERT

- **पुरानो फोनको प्रयोग, जसको खरिद बिल हुन्न ।**
- **चोरीको फोनको विक्रीको सम्भावना ।**

## Case Study 14 गैह्र नाफामुलक संस्थाहरूको दुरुपयोग

संस्थामा एउटा क्लब सदस्य रहेछ । क्लबले सहकारीमा धरै मात्रामा नगद कारोबार गर्नुहुदो रहेछ । वार्षिक सदस्यता शुल्क सामान्य हुँदा पनि धेरै मात्रामा नगद जम्मा भएको पाइयो । वित्तीय विवरण हेर्दा नगद अनुदान खासै देखिन्न ।



**ALERT ALERT ALERT**


**गैह्र नाफामुलक संस्थाको प्रयोग**

**ठूलो नगद कारोवार**



## Case Study 15 शेयर खरिद

सामान्य सदस्यले रु ४०,००,००० को शेयर नगदमा खरिद गर्नुभयो । कारोबार सामान्यनै छ ।



**ALERT ALERT ALERT**

**ठूलो शेयर नगदमा कारोवार**

**सामान्य सदस्य**

एफसिए राजकुमार फुयाल

## Case Study 16 रेमिट कारोबार

संस्थामा एउटा सामान्य सदस्यको खातामा थाईल्याण्डबाट निरन्तर जस्तो पैसा रेमिटबाट आउने रहेछ । थाईल्याण्डमा कोही छैन उहाँको र त्यस्तो थाईल्याण्डबाट पैसा आउने व्यापार व्यवसाय पनि देखिन्न ।



**ALERT ALERT ALERT**

**लागुपदार्थ वा मानव बेचबिखनको लागि जोखिम मानिने देशबाट बिना कुनै व्यावसायिक वा कानुनी प्रयोजन रकम आएको वा गएको देखिनु ।**

एफसिए राजकुमार फुयाल

## Case Study 17 खातामा हुने कारोबार र आर्थिक कारोबार मेल नखानु

संस्थाको सदस्यको होलसेलको व्यापार छ । संस्थामा राम्रो बचत छ । ऋण पनि १ करोड जस्तो छ । तर आर्थिक विवरण र कर चुक्ताको विवरण अनुसार न त खरिद रकम मिल्छ, न विक्री मिल्छ न त मौज्दात रकमनै मिल्छ ।

**ALERT ALERT ALERT**

**सहकारीको स्टेटमेन्ट र कर चुक्ताको लागि पेस गरेको करोबार विवरण मेल नखानु ।**

**ऋण भन्दा कारोबार कम हुनु ।**

एफसिए राजकुमार फुयाल

# Case Study 18 अस्वाभाविक जीवनस्तर

एक जना सदस्य सामान्य सरकारी कर्मचारी हुनुहुँदो रहेछ । उहाले हालसालै मात्र नया घर गाडि लिनुभएको रहेछ । उहाको श्रीमतीको खातामा अस्वाभाविक कारोबार हुने रहेछ । सरकारी तलब ४०,००० हुनेले २ वटा बच्चा मासिक ५०,००० तिरेर पढाउनु हुनेरहेछ ।

**ALERT ALERT ALERT**

सरकारी कर्मचारीको आयस्रोत भन्दा उच्च स्तरको तथा अस्वाभाविक जीवनस्तर हुनु ।
सरकारी कर्मचारीको परिवारको खातामा अस्वाभाविक कारोबार देखिनु ।

एफसिए राजकुमार फुयाल


# Case Study 19 निर्वाचन खर्च

संस्थामा कुनै एक पार्टीको सांसद सदस्य रहेछन् । चुनावको बेला सदस्य र उनको भाईको खाताबाट धरै मात्रामा नगद कारोबार भएछ । सदस्यले निर्वाचनको प्रचार प्रसारमा भएको आम्दानी र खर्चको विवरण नबुझाएको समाचार आएछ । सदस्य र उनको भाईले चुनावको बेला धरै खर्च गरेको हल्ला टोलभर छ ।

**ALERT ALERT ALERT**

**निर्वाचन आयोगले तोकेको हदभन्दा बढी खर्च गर्नु । निर्वाचन प्रचार प्रसारमा भएको आम्दानी र खर्चको विवरण नबुझाउनु ।**

**उच्चपदस्थ व्यक्ति वा निजसँग सम्बन्धित व्यक्तिले अस्वभाविक आर्थिक कारोबार गर्नु ।**



एफसिए राजकुमार फुयाल

# Case Study 20 म्यानपावर व्यवसायी

संस्थाका सदस्य श्री श्याम कुमार पेशाले म्यानपावर व्यवसायी रहेछन् । उनको श्रीमतीको नाममा धरै मुद्दती खाता संचालनमा रहेछ । श्रीमती पेशाले सामान्य शिक्षिका हुन । उनको आम्दानी र खातामा भएको रकम मेल खान्न ।



# Romania मा वैदेशिक रोजगारको अवसर

कम्पनी: MASTER GLOBAL RECRUITMENTS S.R.L शहर: ROMANIA

पूर्व स्वीकृत मिति: २०७९/१२/०३ चलानी नं.: ६०१९८३३२ LT. No.: 282834

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब USD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 0 | 10 | सम्बन्धित कामका दक्ष | 550 | ७२,६४४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Construction Worker | 30 | 0 | | 650 | ८५,८५२ | | | | | | | |
| 3. | Cook | 10 | 0 | | 650 | ८५,८५२ | | | | | | | |
| 4. | Cook Helper | 20 | 0 | | 550 | ७२,६४४ | | | | | | | |
| 5. | General Worker | 30 | 10 | | 550 | ७२,६४४ | | | | | | | |
| 6. | Waiter | 10 | 0 | | 550 | ७२,६४४ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौमा २०७९ चैत ११ गते (25 March 2023) मा हुनेछ ।

आइ.एम.एस. म्यानपावर प्रा. लि.

Email: info@imsmanpower.com, imsmanpower@yahoo.com, imsmanpower2@gmail.com
Web: www.imsmanpower.com.np

**ALERT ALERT ALERT**

- ✓ **आम्दानी भन्दा खातामा भएको रकम अस्वाभाविक हुनु ।**
- ✓ **श्रीमान म्यानपावर व्यवसायी हुनु ।**



# रिर्पोटिङ्ग गर्ने कि नगर्ने ?




- एक जना व्यक्ति सदस्य बन्न आउनुभयो ।
- संस्थाको न्यून्तम मौज्दात र शेयर खरिदको व्यवस्थाको कारण सदस्यता लिनु भएन ।




**यस्तो कुराको रिर्पोटिङ्ग गर्नुनपर्ने ।**

# 5 pillars of AML Compliance Programme

1. Appoint a Compliance Officer
2. Complete Risk Assessment
3. AML Policy and Procedures
4. Independent AML Audit
5. Member Due Diligence





नेपाल राष्ट्र बैंक
वित्तीय जानकारी इकाई

**सूचना**

सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ अनुसार यस इकाईमा पेश गर्नुपर्ने शंकास्पद कारोबार/गतिविधि प्रतिवेदन तथा सीमा कारोबार विवरण (STR/SAR/TTR) हरु goAML (Production Environment) मा आवद्ध भईनसकेका सूचक संस्थाहरुले CD, पत्र वा ईमेलमार्फत पेश गर्दै आएकोमा goAML System मा Register गरी सो System अन्तर्गतको 'Message Board' बाट उक्त प्रतिवेदन तथा विवरणहरु *(TTR in excel and STR/SAR in word/pdf format)* Attach गरी पठाउन हुन अनुरोध गरिन्छ। साथै **मिति २०७९/०२/०१ देखि CD, पत्र वा ईमेलका माध्यमबाट कुनै पनि प्रतिवेदन स्वीकार नगरिने** व्यहोरा समेत जानकारी गराइन्छ।

- goAML मा रजिष्ट्रेशन/login गर्ने web ठेगाना*: https://goaml.fiu.nrb.org.np/PRD/Home
- goAML मा रजिष्ट्रेशन गर्ने तरिका सम्बन्धी Video tutorial: https://goaml.fiu.nrb.org.np/FIUWeb/GoAml/GetRegister
- goAML मा 'Message Board' मार्फत रिपोर्टिङ्ग गर्ने तरिका सम्बन्धी Video Tutorial: https://goaml.fiu.nrb.org.np/FIUWeb/GoAml/MessageBoard

सम्पूर्ण सूचक संस्थाहरुले भविष्यमा goAML (Production Environment) मा पूर्ण रुपले रिपोर्टिङ्ग गर्नुपर्ने हुँदा हाल goAML (Test Environment) मा STR/SAR/TTR हरु Web Reporting/XML माध्यमबाट पेश गर्नुहुन समेत अनुरोध गरिन्छ।

**Register गर्दा Attach गर्नुपर्ने पत्रको नमुना यसै सूचनासँगै संलग्न गरिएको छ।*

थप जानकारीका लागि
इमेल: **goaml@nrb.org.np**
फोन: ०१-४४११२५०/४४१०२०१ (एक्सटेन्शन: ४१८/४१५/८२९)
वेबसाईट: www.nrb.org.np/departments/fiu



**goAML System मा Register गर्दा Attach गर्नुपर्ने पत्रको नमुना**

*(संस्थाको आधिकारिक लेटरहेडमा प्रिन्ट गरी आधिकारिक हस्ताक्षर तथा छाप लगाउनुपर्नेछ)*

श्री प्रमुख ज्यू,
वित्तीय जानकारी इकाई
बालुवाटार, काठमाडौं।

**विषय: कार्यान्वयन अधिकारी (Compliance Officer) नियुक्त सम्बन्धमा।**

महोदय,

उपरोक्त सम्बन्धमा सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०६४ को दफा ७त (३) बमोजिम निम्न कर्मचारीलाई AML/CFT सम्बन्धी कार्य गर्नका लागी कार्यान्वयन अधिकारी (Compliance Officer) को रुपमा नियुक्त गरिएको तथा निजलाई goAML मा रिपोर्टिङ गर्ने र वित्तीय जानकारी इकाईसँग आवश्यक समन्वय गर्ने समेत जिम्मेवारी तोकिएको व्यहोरा जानकारी गराउँदछु।

**कार्यान्वयन अधिकारीको विवरण**

| | |
|---|---|
| पुरा नाम (नेपालीमा) | |
| Full Name (in English) | |
| पद | |
| स्थायी ठेगाना | |
| हालको ठेगाना | |
| नागरिकता नं., जारी मिति तथा जिल्ला | |
| योग्यता | |
| सम्पर्क नं. (कार्यालय एक्सटेन्शन सहित) | |
| मोबाइल नं. | |
| ईमेल | |

आधिकारिक हस्ताक्षर

## अन्य निकायको सिमा कारोबार सम्बन्धी व्यवस्था

| | |
|---|---|
| बैंक, रेमिट | : १० लाख र १० लाख |
| मनि चेन्जर | : ५ लाख |
| घर जग्गा कारोबार | : १०० लाख |
| बीमा | : १ लाख र ३ लाख |
| सुनचाँदी पसल | : १० लाख |
| क्यासिनो | : २ लाख |

एफसिए राजकुमार फुयाल

## क्रिप्टो मा कारोबार गरेर आर्जित पैसा ???






एफसिए राजकुमार फुयाल

## AML Compliance Audit (परिपालना प्रतिवेदन)



- ✓ वित्तीय जानकारी इकाईमा सूचिकृत परिपालना परिक्षकबाट प्रत्येक वर्ष परिपालना प्रतिवेदन तयार गर्नुपर्ने ।
- ✓ आर्थिक वर्ष समाप्त भएको ६ महिना भित्र (पौष मसान्त भित्र)




एफसिए राजकुमार फुयाल

## वार्षिक प्रतिवेदन

नेपाल सरकार
भुमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
सहकारी विभाग

- ✓ संस्थाले वर्ष भरि गरेको कामकारवाहीको समीक्षा सहितको वार्षिक प्रतिवेदन तयार गर्नुपर्ने ।
- ✓ आर्थिक वर्ष समाप्त भएको २ महिना भित्र ।
- ✓ समन्वय समितिले तयार गरेको ढाँचामा ।



एफसिए राजकुमार फुयाल

# TO SUM UP

सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी नीति तथा कार्यविधि बनाई लागू गर्ने,

व्यवस्थापन स्तरको कार्यान्वयन अधिकारी नियुक्त गर्ने,

सदस्यको पहिचान गर्नुपर्ने र पहिचान खुल्ने कागजात पेश नगर्नेसँग कारोबार नगर्ने,



सिमा कारोबार र शंकास्पद कारोबार सम्बन्धी प्रतिवेदन दिने,

आर्थिक वर्ष समाप्त भएको २ महिना भित्र संस्थाले वर्ष भरि गरेको कामकारवाहीको समीक्षा सहितको वार्षिक प्रतिवेदन तयार गर्नुपर्ने ।

आर्थिक वर्ष समाप्त भएको ६ महिना भित्र वित्तीय जानकारी इकाईमा सूचिकृत परिपालना परिक्षकबाट प्रत्येक वर्ष परिपालना प्रतिवेदन तयार गर्नुपर्ने ।

एफसिए राजकुमार फुयाल

कम्तीमा ५ वर्षसम्म अभिलेख सुरक्षित राख्ने,

कर्मचारीलाई क्षमता विकासको लागि आवश्यक तालिममा सहभागी गराउने,

ऐन वा नियम वा जारी गरिएका निर्देशिका वा दिएको निर्देशन बमोजिमको दायित्व पूरा गर्न र सोको प्रभावकारिता मूल्याङ्कन गर्न आवश्यक हुने अन्य व्यवस्था ।

एफसिए राजकुमार फुयाल

"The cost of non-compliance is great. If you think compliance is expensive, try non-compliance."

- Paul McNulty

Former U.S. Deputy Attorney General



एफसिए राजकुमार फुयाल

## अहिले कस्तो लागेको छ त तपाईहरुलाई ???




**पक्का पनि भुतको फिल्म हेरेको जस्तो भएको हुनुपर्छ ।**



## सम्पत्ति शुद्धीकरण निवारण दिवस मनाइँदै




- **नेपालमा गएको माघ १४ गते प्रथम पटक सम्पत्ति शुद्धीकरण दिवस मनाइयो ।**
- **"वित्तीय क्रियाकलापमा पारदर्शिता, सम्पत्ति शुद्धीकरण निवारणमा प्रतिबद्धता" भन्ने नाराका साथ दिवस मनाइएको थियो ।**

एफसिए राजकुमार फुयाल

## ध्यान दिएर सुन्नुभएकोमा धन्यवाद ।
## केही टिप्पणी, प्रश्न, जिज्ञासा अथवा सल्लाह सुझाव छ की ???



**For any Queries Feel Free to Contact**

carajkumarphuyal@gmail.com

**Mobile No: +977 – 9851203839**

एफसिए राजकुमार फुयाल